नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

बबरमहल,काठमाडौं

## प्रेस विज्ञप्ति-८७

## संगठित रुपमा कानून विपरित मानव अङ्ग मृगौला झिकी बिक्री गर्ने मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसूरका प्रतिवादीहरु पक्राउ ।

### अभियुक्तहरुको विवरण :-

१. नाम:- कुमार भन्ने राज कुमार परियार
उमेर:- ३५ वर्ष ।
वतन: जिल्ला काभ्रेपलाञ्चोक पाँचखाल न.पा.-१० ।

२. नाम:- समिर नेपाली
उमेर:- २४ वर्ष ।
वतन: जिल्ला नुवाकोट बेलकोटगढी नगरपालिका वडा नं.९ ।

३. नाम:- राकेश नेपाली
उमेर:- ४७ वर्ष ।
वतन: जिल्ला नुवाकोट बेलकोटगढी नगरपालिका वडा नं.-४ ।

### विवरण:-

जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (४५४) लाई प्रतिवादीहरुले भारतको होटलमा काम गर्दा मासिक भा.रु. १० देखि २० हजार सम्म कमाई हुन्छ भनी प्रलोभन देखाई मिति २०८२ साल जेठ महिनामा जिल्ला काठमाडौँ, काठमाडौँ मनपा-३२ कोटेश्वर आकाशेपुल नजिकबाट कलंकी पुऱ्याई तँहाबाट बसमा चढाई बुटवल, भैरहवा हुँदै सुनौली बोर्डर पार गराई भारतको चण्डीगढ स्थित अपार्टेन्टमा पुऱ्याएकोमा भोलिपल्ट नाम नखुलेको क्लिनिकमा लगी मेडिकल चेकअप गराई, उक्त अपार्टमेन्टमा प्रतिवादीहरु समिर नेपाली र राकेश नेपालीले जाहेरवालालाई रेखदेख गरी करिब १ महिना राखेपछि तिम्रो मृगौला निकाले बापत तिमीलाई नेपाली रु.६,०० ,०००|–(छ लाख) रकम आउँछ, निकालिसकेपछि नेपाल फर्कने बेलामा पैसा दिन्छु भनी प्रलोभन देखाएकोमा जाहेरवालाले सो कुरा ईन्कार गर्दा हालसम्म लागेको सम्पुर्ण खर्च ब्यहोर्नु पर्ने भनी डर त्रास, करकापमा पारी चण्डीगढ स्थित नाम नखुलेको क्लिनिकमा मिति २०८२ साल साउन ९ गते वाँया मृगौला झिकी कुमार भन्ने राजकुमार परियार र समिर नेपालीलाई जाहेरवाला सहित अन्य ४ जना पीडितहरु समेत जिम्मा लगाई नेपाल पठाए पश्चात ऐ. १५ गते काठमाण्डौं आईपुगेपछि पैसा समेत नदिएको भनी यस ब्युरोमा आई संगठित रुपमा कानून विपरित मानव अङ्ग मृगौला झिकी मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसूर गरेको भनी जाहेरी दिएको र उक्त मुद्दा दर्ता गरी यस ब्युरोबाट प्रतिवादीहरुको खोजतलासको लागि विशेष अपरेसन चलाई मिति २०८२/०४/२१ गते समिर नेपालीलाई जिल्ला काठमाडौँ, काठमाडौँ मनपा-२६ मित्रनगर नयाँबसपार्कबाट, राकेश नेपालीलाई जिल्ला काठमाडौँ, टोखा नपा-३ बानियाँटारबाट र मिति

२०८२/०४/२२ गते राज कुमार परियारलाई जिल्ला काभ्रेपलाञ्चोक जिल्ला पाचँखाल नपा-१०बाट पक्राउ गरी सम्मानित काठमाडौँ जिल्ला अदालतबाट संगठीत अपराध निवारण ऐन २०७० बमोजिम दिन ७ (सात) को म्याद थप भई आवश्यक अनुसन्धान भई रहेको ।

**प्रारम्भिक अनुसन्धान गर्ने क्रममा निम्न तथ्यहरु खुलिआएको:**

- मृगौलाको अबैध कारोबारमा संलग्न गिरोहले नेपाल तथा भारतमा बसी संगठित रुपमा योजनाबद्ध तबरले मृगौला बिक्रि गर्ने, पिडितहरुको कमजोर आर्थिक स्थितिको फाईदा उठाई बिभिन्न प्रलोभन देखाई मानिस पहिचान गर्ने, ओसारपसार गर्ने, मेडिकल चेकजाँच गर्ने र भारतमा बसी आवश्यक सबै प्रबन्ध मिलाई मृगौला निकाल्ने कार्य गर्दै आएको,
- पीडितलाई आकर्षक रकमको प्रलोभन दिने गरेको पाईएको,
- पीडतबाट झिकिएको मृगौला चर्को मुल्यमा बिक्रि गरी मानव अंगको गैरकानूनी व्यापार गर्ने गरेको खुल्न आएको,
- विभिन्न जिल्लाबाट अन्य दर्जनौ मानिसहरुको मृगौलाको अबैध रुपमा बिक्रि गरेको भन्ने सूचनाको आधारमा अन्य पीडितहरुको पहिचान गर्ने कार्य जारी रहेको,
- योजनाबद्ध तरिकाले संगठित रुपमा प्रस्तुत वारदात घटाएको पाईएकाले यस वारदातलाइ संगठित अपराधमा समेत अनुसन्धान गरिएको,
- यस वारदातमा संलग्न संगठित समुहका अन्य फरार प्रतिवादीहरुको खोजी कार्य जारी रहेको ।

**मिति: २०८२/०४/२२ गते ।**
**ने.स.११४५**

**सूचना अधिकारी**
**(नरेन्द्र कुँवर)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**